# हरिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हरिनगरा, सुनसरी

कोशी प्रदेश, नेपाल

## आयोजना सञ्चालनका लागि ताकेता सम्वन्धी सूचना

**सूचना प्रकाशित मितिः २०७९।१२।२४**

हरिनगर गाउँ कार्यपालिकाको कार्यालय हरिनगरा, सुनसरी र श्री वल्ड वाइड-सुशान्त जेभि ललितपुर निर्माण कम्पनी बीच मिति २०७७।१०।०४ मा भएको सम्झौता अनुसार यस गाउँपालिका अन्तर्गत देवानगञ्ज सडक - शिकारी टोल - कब्रिस्तान- नुरुद्दिनको घरसम्मको सडक निर्माण गर्ने गरी ठेक्का नं. HRM ROADS/C/NCB/01/077/078 को सम्झौता भएको र सो सम्झौताको म्याद २०८०।०३।२० सम्म थप भएको भए पनि सम्झौता बमोजिमको कार्य भएको नपाइएकोले यस कार्यालयको च.नं १६८३ मिति २०७९।११।३० गतेका दिन ७ दिनको म्याद दिई काम सुचारु गर्न पत्राचार गरिएकोमा काम सुचारु गर्ने चासो नदेखाइएको र सो सम्बन्धी कुनै जवाफ समेत पेश नभएकोले पुनः यस कार्यालयको च. नं १९११ मिति २०७९।१२।२३ को पत्र मार्फत ३ दिनको म्याद दिइ कार्य सुचारु गर्न ताकेता पत्र सम्बन्धित इमेल मार्फत पत्राचार गरी सकिएको र सम्बन्धित निर्माण कम्पनी सम्पर्क बिहीन अवस्थामा रहेकोले नियमानुसार सो आयोजनाको बाँकी निर्माण कार्य तीन दिन भित्र अगाडि बढाउनु हुन र नबढाएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम सम्झौता अन्त्य तर्फ कारवाही भइ जाने व्यहोरा सहित यो सार्वजनिक सूचना जारी गरिएको व्यहोरा अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत